आ.व २०८२-८३

समय- विहान ८ बजे

बैठक संख्या:१५

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

आज मिति २०८२ चैत्र २० गते शुक्रबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | [signature] |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | [signature] |
| ३ | श्री देवेन्द्र कुमार लावती | १ नं वडाध्यक्ष | [signature] |
| ४ | श्री वालकृष्ण शेर्मा | २ नं वडाध्यक्ष | |
| ५ | श्री बाबुराम कार्की | ३ नं वडाध्यक्ष | [signature] |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | ४ नं वडाध्यक्ष | [signature] |
| ७ | श्री निर्मल राज घिमिरे | ५ नं वडाध्यक्ष | [signature] |
| ८ | श्री गंगा देवि बोहोरा | का.पा सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | का.पा सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | का.पा सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | का.पा सदस्य | धनमाया |
| १२ | श्री डिक बहादुर दर्जी | का.पा सदस्य | [signature] |
| १३ | श्री लक्ष्मी नेपाली | का.पा सदस्य | [signature] |
| १४ | श्री जय नारायण खनाल | प्र प्र अ | [signature] |
| अन्य उपस्थिति | | | |
| १५ | सागर बस्नेत | प्रशासकीय अधिकृत | [signature] |
| १६ | बिपिन विराली | लेखा अधिकृत | [signature] |
| १७ | रजत कुडाथोकी | सु.प्र. अधिकृत | Rajat |
| १८ | | | |

प्रस्तावहरु:

१. स्थानीय सरकार कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) सम्बन्धमा
२. पुरानो वा जिर्ण पुरानो भवन भत्काउने सम्बन्धमा
३. विद्यालय भित्रको आवश्यकता र सम्भाव्यताको विवरण सम्बन्धमा
४. LGPAS मा मूल्यांकन को प्रारम्भिक प्रतिवेदनको नतिजा विषयमा कमिटिमा पेश गर्ने सम्बन्धमा
५. विविध

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा LGPAS को ३.२.१. मा सोधिएको प्रश्न गाउँपालिका क्षेत्रमा खाद्य असुरक्षा रहेको भए गर्दै कार्यपालिकाबाट गरिएको निर्णयको प्रति भनिएकोमा कुम्मायक गाउँपालिकामा खाद्य असुरक्षा नरहेको निर्णय गरियो।

LGPAS को ५.१.१ को ख मा गाउँपालिका नगरपालिकाको स्वीकृतिमा तोकिएको मापदण्ड बमोजिम मात्र जग्गा प्लटिङ वा खण्डीकरण गर्ने गरेको भनिएकोमा कुम्मायक गाउँपालिकाको क्षेत्र भित्र जग्गा प्लटिङ खण्डिकरणको संभावना नरहेको व्यहोरा निर्णय गरियो।

LGPAS को ५.१.६. को ख मा फोहोरमैला व्यवस्थापनका लागि अन्य स्थानीय तह, समुदाय निजक्षेत्र संस्था तथा निजिक्षेत्र संग सहकार्य गरी आय आर्जन समेत गरेको भनिएकोमा कुम्मायक गाउँपालिकामा फोहोरमैला व्यवस्थापनमा अन्य पालिका समुदाय गैर सरकारी संस्थासंग तत्काल समन्वय सहकार्य गरी आय आर्जनको सम्भावना नदेखिएको व्यहोरा निर्णय गरियो।

LGPAS को ५.१.७ को क मा वैकल्पिक ऊर्जाको उपयोग गर्न प्रोत्साहित गर्ने कार्यक्रम कार्यान्वयन गरेको भनिएकोमा सो सम्बन्धमा कुम्मायक गाउँपालिकाले कुनै पनि कार्य नगरेको साथै ५.१.७. को ख मा कार्बन उत्सर्जनमा न्युनिकरणमा सहयोग पुग्ने प्रविधिको प्रयोगको स्थिति सम्बन्धमा कुम्मायक गाउँपालिकाले सो सम्बन्धमा सर्वेक्षण नगरेको व्यहोरा निर्णय गरियो।

LGPAS को ५.२.३ को ख मा न्युनतम पूर्वाधार एम्बुलेन्स दमकल आदी सहितको स्थानिय आपत्कालीन कार्यसञ्चालन भएको भनी सोधिएको प्रश्नमा कुम्मायक गाउँपालिकाले अन्य स्थानीय तह संग समन्वय गरी आफ्नो गाउँपालिका भित्र एम्बुलेन्स सेवा नागरिकलाई उपलब्ध गराएको व्यहोरा निर्णय गरियो।

LGPAS को १.६.१ को ख मा आफ्नो क्षेत्राधिकार बाहिर करारोपण गरेको भनिएको प्रश्नको सम्बन्धमा कुम्मायक गाउँपालिकाले क्षेत्राधिकार बाहिर कर नउठाउने गरेको व्यहोरा निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

२. प्रस्ताव नं २ माथि छलफल गर्दा कुम्मायक गाउँपालिकाको [illegible] नं. वडा स्थित श्री पृथ्वी मा.विको च.नं १११ मिति २०८२/१२/१६ गतेको पत्रानुसार तँहा विद्यालयको पुरानो भवन जीर्ण भई पठनपाठन गर्न नसकिने तथा खतरा पूर्ण अवस्था रही उक्त भवन भत्काउनु पर्ने अवस्था रहेको भनि विद्यालय व्यवस्थापन समितिले निर्णय गरेकोमा मिति २०८२/१२/१६ यस गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारी श्री अर्पण पैठाक लिम्बुले स्थलगत निरीक्षण गरी उक्त भवन अत्यन्त जोखिमपूर्ण रहेको, भवनमा कक्षा संचालन गर्न नसकिने रहेको तथा भवनको स्क्राप मूल्य रु.१,६०,१७१.९९/- मात्र रहेको भनि प्रतिवेदन पेश गरेको हुँदा उक्त भवन भत्काउन तथा न्युनतम स्क्राप मूल्य रु. १,६०,१७१.९९/- मात्र कायम गर्न पृथ्वी मा.विलाई पत्राचार गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा कुम्मायक गाउँपालिकामा चिस्यान केन्द्र आवश्यकता र सम्भावयता सम्बन्धीको विवरण तयार गरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा पठाउने।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा LGPAS स्व.मूल्याङ्कन को प्रारम्भिक प्रतिवेदनको नतिजा विषयगत समितिमा छलफलको तथा पृष्ठपोषणको लागि पठाउने निर्णय गरियो।

**५. क. व्याकहो लोडर मर्मत तथा भाडामा लगाउने सम्बन्धमा:**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस कुम्मायक गाउँपालिकाको नाममा रहेको व्याकहो लोडर मर्मत तथा इन्धन खर्च आम्दानी भन्दा धेरै भएको हुँदा उक्त सवारी साधन एक पटक पूर्ण रुपमा मर्मत सम्भार गर्ने तथा सूचना प्रकाशन गरी भाडामा लगाउने र भाडामा लागे पश्चात व्याकहो लोडर सवारी चालकको सेवा करार सम्झौता भङ्ग गर्ने निर्णय गरियो।

**ख. वडा नं ३ मा लगाएको बेसारबाली व्यवस्थापन सम्बन्धमा**

उक्त प्रस्ताव माथि छलफल गर्दा कुम्मायक गाउँपालिका वडा नं ३ मा लगाएको बेसार व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

देहाय:

- पालिकाले कृषि विकास शाखामार्फत बेसार खन्न आवश्यक कामदारको व्यवस्थापन गर्ने र कामदारको दैनिक पारिश्रमिकको भुक्तानी डोरहाजिराको आधारमा गर्ने व्यवस्था मिलाउने।पालिकाले बेसार खन्न आवश्यक परेको खण्डमा खन्ने सामाग्री(कुटो, कोदालो, फरुवा आदि) तथा अन्य आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने।
- बेसारको बोराबन्दी गरी भण्डारण स्थल सम्मको ढुवानी पालिकाको ट्र्याक्टर मार्फत गर्ने।
- खनेको बेसार पालिकाभरिका कृषकहरुलाई ७५ प्रतिशत अनुदानमा वीउको रुपमा वितरण गर्ने र कृषकबाट संकलित २५% रकम पालिकाको राजस्व खातामा जम्मा गर्ने।

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत